# आकाशवाणी समाचार- नेपाली

मितिः २६ अक्टुबर २०२४

समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)

**<u>मुख्य समाचार</u>**

१. प्रधानमंत्री नरेन्द्र मोदीले धनवंतरी जयंती अनि ९ औ आयुर्वेद दिवसको अवसरमा आज नयाँ दिल्लीमा स्वास्थ्य क्षेत्रका लगभग 12 हजार 8 सय 50 करोड रुपियाँको लागतका विभिन्न परियोजनाहरुको उत्घाटन अनि शिलान्यास गर्नुहुनेछ।

२. प्रधानमंत्री नरेंद्र मोदीले आज रोजगार मेलामा, सरकारी विभाग अनि संगठनहरुका लागी हालैमा चयनित 51 हज़ार भन्दा अधिक अभ्यर्थिहरुलाई वीडियो कांफ्रेंसिंगको माध्यमले नियुक्ति-पत्र प्रदान गर्नुहुनेछ।

३. **भारतीय साइबर अपराध समन्वय केन्द्र** ले अरुको बैंक खाताको प्रयोग गरेर अवैध भुगतान प्रणालि बनाएकोमा मानिसहरुलाई सचेत गरेको छ।

४. महाराष्ट्र विधानसभा चुनावका लागी नामांकन भरने आज अंतिम दिन हो।

५. सूचना अनि प्रसारण मंत्रालयमा पूर्वोत्तर क्षेत्रका महानिदेशक के.सतीश नम्बूदरीपादले हिज गंगटोकमा प्रेस सूचना ब्यूरो (पीआईबी) अनि आकाशवाणीको प्रचार अनि पहुंचको समीक्षा गर्नुभयो।

**<u>रात्रि प्रधानमंत्री-धनवंतरी जयंती</u>**

प्रधानमंत्री नरेन्द्र मोदीले धनवंतरी जयंती अनि ९ औ आयुर्वेद दिवसको अवसरमा आज नयाँ दिल्लीमा स्वास्थ्य क्षेत्रका लगभग 12 हजार 8 सय 50 करोड रुपियाँको लागतका विभिन्न परियोजनाहरुको उत्घाटन अनि शिलान्यास गर्नुहुनेछ। श्री मोदीले, आयुष्मान भारत प्रधानमंत्री जन आरोग्य योजनालाई अझै विस्तार गर्नुहुदै 70 वर्ष अनि यस भन्दा अधिक आयु भएका सबै वरिष्ठ नागरिहरुका लागी स्वास्थ्य कवरेजको शिमा बढाउनुहुनेछ। यस बाट सबै आय वर्गका वरिष्ठ नागरिकहरु लाभान्वित हुनेछन्।

स्वास्थ्य रख्रखावको बुनियादी ढांचालाई मजबूती प्रदान गर्न प्रधानमंत्रीले विभिन्न स्वास्थ्य संस्थानहरुको का शुभारम्भ अनि शिलान्यास गर्नुहुनेछ। उहाँले भारतको पहिलो अखिल भारतीय आयुर्वेद संस्थानको दोस्रो चरणको उद्धाटन गर्नुहुनेछ, जसमा एक पंचकर्म अस्पताल, दवाई निर्माणका लागी एक आयुर्वेदिक फार्मेसी, एउटा खेल चिकित्सा एकाई, एक केंद्रीय पुस्तकालय, एक आईटी अनि स्टार्ट-अप इनक्यूबेशन सेंटर र 500 सीट भएको एक अस्पताल शामिल छन्। उहाँले मध्यप्रदेशको मंदसौर, नीमच अनि सिवनीमा तीन चिकित्सा महाविद्यालयहरुको उद्धाटन पनि गर्नुहुनेछ। श्री मोदीले हिमाचल प्रदेशको बिलासपुर, पश्चिम बंगालको कल्याणी, बिहारको पटना, उत्तरप्रदेशको गोरखपुर, मध्यप्रदेशको भोपाल, असमको गुवाहाटी अनि नयाँ दिल्लीमा विभिन्न अखिल भारतीय आयुर्विज्ञान संस्थानहरुमा चिकित्सा सेवाको विस्तार अनि एक जन औषधि केन्द्रको पनि उत्घाटन गर्नुहुनेछ ।

यस अतिरिक्त प्रधानमंत्रीले मध्यप्रदेशको शिवपुरी, रतलाम, खंडवा, राजगढ अनि मंदसौर मा पाँच नर्सिंग कॉलेजहरुको शिलानस गर्नुहुनेछ। उहाँले हिमाचल प्रदेश, कर्नाटक, मणिपुर, तमिलनाडु अनि राजस्थानमा आयुष्मान भारत स्वास्थ्य बुनियादी ढांचा मिशन अन्तरगत 21 गहन रख्रखाव केन्द्रहरुको पनि शिलान्यास गर्नुहनेछ।

प्रधानमंत्रीले मध्य प्रदेशको इंदौर मा एक ईएसआईसी अस्पतालको पनि उद्धाटन गर्नुहुनेछ। यस अतिरिक्त उहाँले हरियाणाको फरीदाबाद, कर्नाटकको बोम्मासंद्रा अनि नरसापुर, मध्य प्रदेशको इंदौर, उत्तर प्रदेशको मेरठ अनि आंध्र प्रदेशको अचुतापुरममा ईएसआईसी अस्पतालहरुको शिलन्यास गर्नुहुनेछ। यसबाट लगभग 55 लाख ईएसआई लाभार्थिहरुलाई सुविधा प्राप्त हुनेछ।

प्रधानमंत्रीले यू-विन पोर्टल पनि लॉन्च गर्नुहुनेछ। टीकाकरण प्रक्रियालाई पूर्ण रुपमा डिजिटल बनाए पछि गर्भवती महिलाहरु अनि शिशुलाई लाभ पुग्नेछ। प्रधानमंत्री सहयोगी अनि स्वास्थ्य रख्रखाव पेशेवर अनि संस्थानहरुका लागी एक पोर्टल पनि लॉन्च गर्नुहुनेछ। यसले वर्तमान स्वास्थ्य रख्रखाव पेशेवरहरु अनि संस्थानहरुको

केंद्रीकृत डेटाबेसको रूपमा कार्य गर्नेछ।

श्री मोदीले देशमा स्वास्थ्य रखरखाव तंत्रमा सुधारका लागी अनुसंधान एवं विकास अनि परीक्षण बुनियादी ढांचालाई ससक्त बनाउनका लागी विभिन्न पहलहरु सुरु गर्नुहुनेछ। उहाँले ओडिशाको भुवनेश्वरको गोथापटनामा एक केंद्रीय औषधि परीक्षण प्रयोगशालाको पनि उद्घाटन गर्नुहुनेछ।

****** ० ******

## रात्रि प्रधानमंत्री- अमरेली

प्रधानमंत्री नरेन्द्र मोदीले भारत द्रुत गतिमा विकास भैरहेको अनि विश्वमा भारतको गौरव लगातार बढ़ी रहेको बताउनुभएको छ। श्री मोदीले आज विश्वले भारतलाई नयाँ दृष्टिले हेरीरहेको, यसको क्षमतालाई चिनेको अनि भारतको कुराहरु गंभीरतापुर्वक सुनी रहेको बताउनुभएको छ। प्रधानमंत्रीले हिज गुजरातको अमरेलीमा लगभग 4 हजार 900 करोड़ रुपियाँको विभिन्न विकास परियोजनाहरुको उद्घाटन अनि शिलान्यास गरेपछि एक सभालाई संबोधित गर्नुभयो।

ब्रिक्स सम्मेलनको लागी आफ्नु हालैको रूस यात्राको उल्लेख गर्नुहुदै श्री मोदीले आज विश्वको प्रतेक देश भारत सँग जोडिन अनि निवेश गर्न चाहेको बताउनुभयो। प्रधानमंत्रीले जर्मनीका चांसलर ओलाफ स्कोल्ज़ को हालैको भारत यात्रा अनि जर्मनी सँग भएको विभिन्न समझौताको पनि उल्लेख गर्नुभयो। श्री मोदीले जर्मनीले वार्षिक वीजा कोटालाई वर्तमानमा रहेको 20 हजार बाट बढ़ाएर 90 हजार गरेको , जसबाट भारतीय युवाहरुलाई लाभ हुने कुरा पनि बताउनुभयो। प्रधानमंत्रीले गरीबहरुका लागी पक्का घर, बिजुली, सड़क, रेल, विमानस्थल अनि गैस पाइपलाइन जस्ता बुनियादी ढाचा विकसित भारतको निर्माणका लागी आवश्यक रहेको बताउनुभएको छ। उहाँले एनडीए सरकारले आफ्नु तेस्रो कार्यकालमा बुनियादी ढांचाको विकासका लागी काम गरिरहेको बताउनु भयो।

****** ० ******

## रोजगार मेला

प्रधानमंत्री नरेंद्र मोदीले आज रोजगार मेलामा, सरकारी विभाग अनि संगठनहरुका लागी हालैमा चयनित 51 हज़ार भन्दा अधिक अभ्यर्थिहरुलाई वीडियो कांफ्रेंसिंगको माध्यमले नियुक्ति-पत्र प्रदान गर्नुहुनेछ। यो रोजगार मेला देशभरि 40 भन्दा अधिक स्थानहरुमा आयोजित भइरहेको छ।

****** ० ******

## गृह मंत्रालय-साइबर अपराध

**भारतीय साइबर अपराध समन्वय केन्द्र** ले अरुको बैंक खाताको प्रयोग गरेर अवैध भुगतान प्रणालि बनाएकोमा मानिसहरुलाई सचेत गरेको छ। अन्तर्राष्ट्रीय संगठित साइबर अपराधी धनशोधनका लाग यस्ता बैंक खाताको प्रयोग गर्दाछ। गृह मंत्रालय अनुसार, हालमा गुजरात अनि आन्ध्रप्रदेश पुलिसको खोजि अभियानमा अन्तर्राष्ट्रीय अपराधी गैर-कानूनी डिजिटल भुगतान प्रणाली द्वारा साइबर अपराधलाई अंजाम दिएको थाहा लागेको छ। गृह मंत्रालय अन्य एजेंसिहरु सँग मिलेर साइबर अपराधबाट सुरक्षाको उपाय गरिरहेको छ।

****** ० ******

## महाराष्ट्र-नामांकन

महाराष्ट्र विधानसभा चुनावका लागी नामांकन भरने आज अंतिम दिन हो। नामांकन पत्रहरुको जांच भोलि हुनेछ। 4 नोबेम्बर सम्म नाम फिर्ता लिन्सक्नेछन्। राज्यको सबै 288 सीटका लागी 20 नोबेम्बरमा एकै चरणमा मतदान हुनेछ। मतगणना 23 नोबेम्बरमा हुनेछ।महाराष्ट्रका मुख्यमंत्री एकनाथ शिंदे, उप-मुख्यमंत्री अजित पवार अनि कांग्रेसका वरिष्ठ नेता विजय वडेट्टीवारले हिज नामांकन दर्ता गर्नुभएको छ। राज्यका वन मंत्री अनि भारतीय जनता पार्टीका नेता सुधीर मुनगंटीवार तथा **महाराष्ट्र नवनिर्माण सेना** प्रमुख राज ठाकरेका छोरा अमित ठाकरेले पनि हिज आफ्नु नामांकन-पत्र बुझाउनु भएको छ।

****** ० ******

## केरल-उपचुनाव

केरलमा वायनाड लोकसभा अनि दुई विधानसभा क्षेत्र चेलक्करा (सुरक्षित) अनि पलक्कड़ मा प्रचार-प्रसार जारी छ यहाँ अगिलो महिनाको 13 तारीख उपचुनाव हुनेछ।वायनाडमा यूडीएफ को उमेद्वार कांग्रेस नेता प्रियंका गांधी ले एक रोड शो गर्नुभएको छ। उहाँले यस लोकसभा क्षेत्रको मीनांगडी, पनामाराम अनि पोझुथानामा सड़क छेउ सभाहरुलाई पनि संबोधित गर्नुभयो।जुलाईमा वायनाडमा आएको पहिरोको उल्लेख गर्नुहुदै उहाँले यस्लाई राष्ट्रीय त्रासदी घोषित नगरेकोमा केंद्र सरकारको आलोचना गरनुभयो। उहाँले एकजुट भएर संकटको सामना गरेकोमा मानिसहरुको प्रसंशा गर्नुभयो । उहाँले वायनाडमा मेडिकल कॉलेजको लामो समय देखिको मांगलाई पूरा गर्न प्रयास गर्ने आश्वासन पनि दिनुभयो

****** ० ******

**झारखंड नामांकन**

झारखंडमा विधानसभा चुनावको दोस्रो चरणका लागी नामांकन भर्ने आज अन्तिम दिन हो। दोस्रो चरणमा 20 नोबेम्बरमा 8 विधानसभा क्षेत्रहरुमा मतदान हुनेछ। यसका लागी अहिले सम्म 632 प्रत्याशीहरुले नामांकन दर्ता गरेका छन् । नामांकन पत्रहरुको जांच भोली हुनेछ अनि उम्मीदवारहरुले 1 नोबेम्बर सम्म नाम फिर्ता लिनसक्नेछन् ।यस बीच, चुनावको क्रममा राज्यमा खोजि अभियान अवधि अवैध सामग्री अनि 86 करोड़ 32 लाख रुपियाँको नकदी बरामद भएको छ। आचार संहिताको उल्लंघन गरेकोमा 20 प्राथमिकी पनि दर्ज गरिएको छ ।

****** ० ******

**सिक्किम-सूचना और प्रसारण मंत्रालय**

सूचना अनि प्रसारण मंत्रालयमा पूर्वोत्तर क्षेत्रका महानिदेशक के.सतीश नम्बूदरीपादले हिज गंगटोकमा प्रेस सूचना ब्यूरो (पीआईबी) अनि आकाशवाणीको प्रचार अनि पहुंचको समीक्षा गर्नुभयो।यस भन्दा पहिला उहाँले सिक्किम सरकारको सूचना एवं जनसंपर्क विभागका सचिव अन्नपूर्णा एले सँग भेटघाट गर्नुभयो । बैठक अवधि सरकारी योजनाहरुको प्रचार-प्रसार बढ़ाउन माथि विचारहरुको आदान-प्रदान भयो। श्री नम्बूदरीपादले सरकारी नीति अनि कार्यक्रमहरुको प्रभावी प्रसारका लागी सरकारी एजेंसिहरु अनि स्थानीय मीडिया बीच सहयोग बढ़ाउनका लागी सिक्किम प्रेस क्लबमा स्थानीय मीडिया प्रतिनिधिहरु सँग बैठक गर्नुभयो।

****** ० ******